# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७९।०४।०१ गते।

# प्रेस विज्ञप्ति

**विषयः आर्थिक वर्ष २०७८/०७९ मा आयोगबाट सम्पादित प्रमुख कार्यहरुको प्रारम्भिक तथ्यांक समेटिएको संक्षिप्त विवरण ।**

## १. उजुरी र फछ्यौंटको अवस्था

- आर्थिक वर्ष २०७८/७९ मा आयोगमा बिभिन्न माध्यमवाट प्राप्त १६,१४८ तथा अघिल्लो आर्थिक वर्ष २०७७/७८ वाट जिम्मेवारी सरेर आएका ८,०९३ गरी कुल २४,२४१ उजुरीहरु रहेको मध्ये १७,०९८ उजुरी फछ्यौंट गरिएका छन्, जुनकुल उजुरी संख्याको करिब ७०.५३% हुन आउँछ ।

- अघिल्लो आर्थिक वर्ष २०७७/७८ को तुलनामा आर्थिक वर्ष २०७८/७९ मा उजुरी, फछ्यौंट र विस्तृत अनुसन्धानको संख्या देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | विवरण | आ.व. २०७८।७९ | आ.व. २०७७।७८ |
|---|---|---|---|
| १. | उजुरी संख्या | २४,२४१ | २२,६२५ |
| २. | फछ्यौंट संख्या | १७,०९८ | १४,५३२ |
| ३. | फछ्यौंट प्रतिशत | ७०.५३ | ६४.२३% |
| ४. | विस्तृत अनुसन्धानमा गएको | ८२० | ५१० |

- **आर्थिक वर्ष २०७८/७९ मा आयोगमा दर्ता भएका उजुरीहरुको स्रोतको बर्गीकरण**

| क्र.सं. | उजुरीको स्रोत | संख्या |
|---|---|---|
| १ | समाचार पत्र -News Paper वाट | २९० |
| २ | लिखित निवेदनमार्फत | ४४९५ |
| ३ | ईमेलमार्फत | २७५७ |
| ४ | फेसबुकवाट | ९३ |
| ५ | भाइबरवाट | १५ |
| ६ | आयोगको वेबसाइटवाट | २१६५ |
| ७ | मोबाइल एस एम एस — SMS वाट | ४ |
| ८ | टेलिफोनवाट | ७५० |

| | | |
|---|---|---|
| ९ | मोबाइल एप - Mobile App मार्फत | १०२ |
| १० | हुलाक सेवा-Postal Service वाट | २७६० |
| ११ | अन्य श्रोतवाट | २७१७ |
| | | १६१४८ |

## २. अभियोजनसम्बन्धी कार्य / दण्डात्मक कार्यः

### २.१. मुद्दा दायरसम्बन्धी विवरणः

- आर्थिक वर्ष २०७८/७९ मा १३१ मुद्दा सम्मानित विशेष अदालतमा दायर गरिएका छन् । यस आर्थिक वर्षमा अदालतबाट प्राप्त १४८ फैसला मध्ये ५८ वटा (३९.१९%) मुद्दामा भ्रष्टाचारजन्य कसुर कायम भएको छ। गत आर्थिक वर्षमा अदालतवाट प्राप्त फैसला भएका मुद्दाको संख्या ११३ रहेको र भ्रष्टाचारजन्य कसुर कायम भएको मुद्दाको संख्या ८१ (७१.६८%) रहेको थियो ।
- आर्थिक वर्ष २०७८/७९ मा आयोगका जम्मा ७९ वटा बैठकबाट ९७५ वटा निर्णयहरु भएका छन्।
- आर्थिक वर्ष २०७८/७९ मा विभिन्न शिर्षक अन्तर्गत दायर भएका मुद्दाको विवरण देहायबमोजिम छः

| **शिर्षक** | **मुद्दा संख्या** |
|---|---|
| घुस (रिसवत) | ३२ |
| नक्कली शैक्षिक प्रमाण-पत्र | ६ |
| सार्वजनिक सम्पत्तिको हानि नोक्सानी | ३५ |
| गैरकानूनी लाभहानी | ३४ |
| राजस्व हिनामिना | ५ |
| गैरकानूनी सम्पत्ति आर्जन | ७ |
| विविध | १२ |
| **कुल** | **१३१** |

- आर्थिक वर्ष २०७८/७९ मा दायर भएका १३१ वटा मुद्दामा प्रतिवादीको संख्या ६३९ रहेको छ, जसमध्ये विशिष्ट श्रेणीका राष्ट्रसेवक कर्मचारी ३ जना, अन्य राष्ट्रसेवक कर्मचारी ३०८ जना, बिचौलिया/मतियार लगायत अन्य १७२ जना रहेका छन् भने भूतपूर्व मन्त्री १ जना र निर्वाचित/मनोनित पदाधिकारीहरु जम्मा १५५ जना रहेका छन् । माथि उल्लिखित प्रतिवादीहरुवाट रू. २,७८,४३,३२,७१०.१६।— (अक्षरुपी दुई अर्ब अठहत्तर करोड त्रिचालिस लाख बत्तीस हजार सातसय दश रूपैया सोह्र पैसा मात्र) बिगो माग दाबी गरिएको छ।

**२.२. रंगेहात (Sting) कारबाही**

- आर्थिक वर्ष २०७८/७९ मा कुल रंगेहात (Sting) कारबाहीको संख्या २५ रहेकोमा रंगेहात (Sting) कारबाहीमा परेका ३८ व्यक्तिमध्ये कुल राष्ट्रसेवक कर्मचारी २६ रहेका छन् । त्यसैगरी, ६ जना बिचौलिया/मतियार र ६ जना निर्वाचित/मनोनित पदाधिकारी परेका छन् ।

**२.३. पुनरावेदन सम्बन्धी कार्यः** कसुरबाट सफाइ पाएको मुद्दाहरु मध्ये आर्थिक वर्ष २०७८/०७९ मा ६० वटा मुद्दामा आयोगले पुनरावेदन गरेको छ ।

**३. आयोगवाट आर्थिक वर्ष २०७८/७९ मा सम्पादन भएका प्रमुख क्रियाकलाप तथा उपलव्धिहरुः**

**क. नीति/कानुनसम्वन्धीः**

१. अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ संशोधन भई कार्यान्वयनमा आएको।

२. आयोगको काम कारवाहीसँग सम्वन्धित १८ वटा कानुनहरुको एकिकृत संगालो "*भ्रष्टाचार नियन्त्रणका सम्वन्धमा भएका संवैधानिक तथा कानुनी व्यवस्था*" प्रकाशन गरिएको ।

३. आयोगवाट ३३ जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई अधिकार प्रत्यायोजन गरी भष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनका कार्यहरुलाई थप प्रभावकारी बनाइएको।

४. अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि, २०७८ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको।

**ख. रचनात्मक कार्य सम्वन्धीः**

१. आयोगलाई सूचना प्रविधिमैत्री बनाउँदै लैजाने प्रयास स्वरूप मौजुदा कार्यालय स्वचालन प्रणाली / Office Automation System (OAS) लाई स्तरोन्नति गरी प्रयोगमा ल्याइएको। यससँगै निम्न सुधारका कार्यहरु गरिएको:

- प्रारम्भिक छानविन र विस्तृत अनुसन्धान सम्वन्धी विवरणहरुको एकीकृत तथ्यांक अद्यावधिक भई कार्यालय स्वचालन प्रणालीमा आवद्ध गरिएको ।

- कार्यालय स्वचालन प्रणालीमा टेलिफोन डाइरेक्टोरी, अनुसन्धान अधिकृतहरुका लागि सूचना र परिपत्रहरु, दैनिक, मासिक, बार्षिक उजुरीको तथ्यांक, उजुरीको विषयगत र क्षेत्रगत बर्गीकरण लगायतका विषयहरुको विवरण अद्यावधिक गरिएको।

- OAS प्रणालीमार्फत Live Reporting हुने गरी प्रत्येक दिन दर्ता हुन आउने उजुरीहरुको तथ्यांक तथा चार्ट हेर्न तथा आन्तरिक अनुगमन गर्न मिल्ने गरी प्रणाली सुधार गरिएको ।

२. दैनिक,साप्ताहिक,पाक्षिक तथा मासिक पत्र-पत्रिकाहरुमा प्रकाशन भएका भ्रष्टाचार सम्बन्धी समाचार, सरोकारवाला निकायहरुको कदम, लेख\रचना तथा सुशासन प्रवर्द्धनसँग सम्बन्धित समाचारहरूलाई एकीकृत रुपमा अभिलेखीकरण गरिएको।

ग. **आयोगको प्रवर्द्धनात्मक कार्यक्रमः**

आयोगका अनुसन्धान अधिकृत तथा अन्य कर्मचारी गरी १२५ जनालाई Office Automation System को प्रयोगसम्वन्धी तालीम दिईएको। साथै आयोगका कम्प्युटर प्राविधिकहरु सात जनालाई PHP Program Development सम्वन्धी तालिम प्रदान गरिएको।

१. स्थानीय तह तथा जिल्लामा आयोजना गरिएका ४६ वटा अन्तरक्रिया/गोष्ठी कार्यक्रममा जम्मा ४६०१ जनाको सहभागिता रहेको । यसै गरी स्थानीय तहको निर्वाचन, २०७९ मा नवनिर्वाचित पदाधिकारीहरुका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा प्रदेशहरुमा आयोजित अभिमूखीकरण कार्यक्रममा सुशासन प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रण सम्वन्धी प्रस्तुतिकरण सहित आयोगवाट पदाधिकारी र सचिवको समेत सहभागिता रहेको । त्यसैगरी, ३५ जिल्लामा ४१ वटा सामुदायिक शिक्षा कार्यक्रमहरुमा ४२६० जनाको सहभागिता रहेको ।
२. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३१ औं स्थापना दिवस (२०७८ माघ २८) को सन्दर्भमा आयोगका सातवटा कार्यालयहरुबाट भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धन शीर्षकमा विद्यालयस्तरीय निबन्ध लेखन तथा सन्देशमूलक नारा लेखन प्रतियोगिता सञ्चालन भएको ।
३. आयोगले सरकारी/सार्वजनिक निकायले प्रवाह गर्ने सेवालाई कसरी छिटोछरितो, पारदर्शी र सुशासनयुक्त बनाउन सकिन्छ भन्ने उद्देश्यका साथ आर्थिक वर्ष २०७८/७९ मा समेत नेपाल

टेलिभिजनसँग सहकार्य गरी प्रत्येक हप्ता मंगलवार साँझ ०७:२५ बजे ५२ श्रृङ्खला नेपाल टेलिभिजनमा *सुशासन सवाल* कार्यक्रम प्रशारण भएको ।

**घ. विभिन्न निकायहरु सँग छलफल तथा अन्तरक्रियाः**

१. आयोग र वीमा समितिवीच वीमा क्षेत्रमा देखिएका समस्याहरु, अनियमितता, कोभिड-१९ को वीमा रकम भुक्तानी, जीवन वीमा र पुनर्वीमा कम्पनीहरुलाई ईजाजत दिने विषयमा हुने र हुन सक्ने अनियमितता लगायतका विषयमा छलफल गरिएको।

२. आयोग, बैंक तथा वित्तीय संस्थाहरु र नेपाल राष्ट्र बैंकवाट भइगरेका सुपरिवेक्षण अनुगमन सम्वन्धमा देखिएका कमी कमजोरीहरु एवम् वित्तीय संस्थाहरुमा हुने अनियमितता लगायतका बिषयहरुमा छलफल गरिएको।

३. आयोग र अर्थ मन्त्रालय, सिंचाई, जलश्रोत तथा उर्जा मन्त्रालय तथा कर्मचारी सञ्चय कोषबीच बेतन कर्णाली सञ्चयकर्ता हाईड्रोपावर कम्पनीमा भएको वित्तीय पारदर्शीता सम्बन्धमा छलफल गरिएको।

४. आयोग र यातायात व्यवस्थाका सम्वन्धमा सरोकारवाला निकायहरु सँग यातायात व्यवस्था कार्यालयहरुमा भएका विविध समस्याहरुका सम्वन्धमा (विचौलिया, अभिलेख सुरक्षा, स्मार्ट लाईसेन्स वितरण, सेवाग्राहीको चाप व्यवस्थापन, ईम्वोस्ड नम्वर प्लेट, राईड सेयरिङको नियमन, विदेशी लाईसेन्सको नेपालीकरण, ट्रायल सेन्टर व्यवस्थापन लगायत) छलफल गरिएको।

प्रवक्ता

श्याम प्रसाद भण्डारी